कृषि तथा वन विज्ञान विश्वविद्यालय

# कृषि संकाय

डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन : ०५६-५९२४३६/५९२४१२/५२०६०२/
०१-४४७८६४७


मिति: २०७१/०८/२५

## कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना सम्वन्धि कार्यक्रम सरेको सूचना

यस कार्यालयको मिति २०७१/०६/२२ गते प्रकाशित कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना सम्वन्धि सूचनाको बुंदा नम्बर ८ र १७ मा विशेष कारणवश यस संकायको मिति २०७१/०८/२५ को निर्णय अनुसार तपसिल बमोजिम परिवर्तन गरिएको व्यहोरा सूचित गरिन्छ ।

**१) भर्नाको नामाबली प्रकाशन मिति:**

**I) मेरिट कोटाको लागि:**

क) भर्नाको लागि प्रथम नामावली २०७१ मंसिर २६ गते विहान १०:०० बजे प्रकाशित गरिनेछ र प्रथम नामावालीमा परेका विद्यार्थीहरुले २०७१ मंसिर २९ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा २०७१ पुष १ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७१ पुष २ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७१ पुष ३ गते तेश्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेश्रो (अन्तिम) नामावालीमा परेका विद्यार्थीहरुले २०७१ पुष ४ गते कार्यालय समय सम्ममा भर्ना भैसक्नु पर्नेछ ।

**II) अन्य कोटाहरुको लागि:**

अन्य कोटाहरुको सन्दर्भमा पुष ७ गते देखि क्रमानुसार पहिलो, दोश्रो, तेस्रो (अन्तिम) नामावाली प्रकाशित गर्दै नियमानुसार भर्ना गरिनेछ । विभिन्न कोटामा पढ्न चाहने विद्यार्थीहरुले विभिन्न कोटाहरु सम्वन्धि आवेदन फारम भरि बुझाउनु पर्नेछ । उक्त आवेदन फारम २०७१ मंसिर २६ गते बाट पुष ४ गते सम्म यस संकायको शैक्षिक प्रशासन शाखाबाट लिन र बुझाउन सकिनेछ ।

२) अभिमुखीकरण कक्षा **(Orientation Class)** र कोर्ष रजिष्ट्रेशन हुने दिन २०७१ पुष २० गते विहान ठिक ११:०० बजे पुरानो अडिटोरियम हलमा ।

३) कक्षा संचालन २०७१ पुष २१ गते

डीन
कृषि संकाय